आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
मितिः २० मार्च २०२६
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

प्रमुख समाचार

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज उत्तर प्रदेशको वृन्दावनस्थित रामकृष्ण मिशन सेवाश्रम अस्पतालमा ओनकोलॉजी ब्लकको उद्घाटन गर्नुभयो।

२. तृणमूल-कांग्रेसले चुनाव आयोगले पश्चिम बंगालका वरिष्ठ प्रशासनिक र पुलिस अधिकारीहरूको बारम्बार सरुवाको विरोधमा कलकत्ता उच्च न्यायलयमा चुनौती दायर गरेको छ।

३. पश्चिम बंगालमा विधानसभा चुनावका लागि राजनीतिक दलहरूले व्यापक प्रचार सुरु गरेका छन्।

४. भारतीय गोरखा प्रजातांत्रिक मोर्चाका खर्साङ अनि कालेबुंग उम्मेवारहरुले 31 मार्च तथा दार्जिलिंगका उम्मेवारले १ अप्रेलमा नामांकन पत्र भर्ने भएका छन्।

५. खरसाङ नगरपालिकाको वार्ड नम्बर 3 अन्तर्गत अब्राहम बस्तीको लोवर कटलेरी पाखामा एक घर आगलागीमा पूर्ण रूपमा नष्ट भएको छ।

६. मौसम विभागले राज्यका विभिन्न भागहरूमा मेघ गर्जन र वर्षाको सम्भावना रहेको जनाएको छ ।

नया राष्ट्रपति - ऑन्कोलॉजी ब्लॉक

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज उत्तर प्रदेशको वृन्दावनस्थित रामकृष्ण मिशन सेवाश्रम अस्पतालमा नन्द किशोर सोमानी ओनकोलॉजी ब्लकको उद्घाटन गर्नुभयो। रामकृष्ण मिशन सेवाश्रमको यो नयाँ ब्लकको उद्देश्य यस क्षेत्रमा क्यान्सर हेरचाह सुविधाहरूलाई सुदृढ पार्नु हो। यो ब्लक अत्याधुनिक रेडियोथेरापी र डायग्नोस्टिक सुविधाहरूले सुसज्जित छ।

चुनाव आयोग

तृणमूल-कांग्रेसले चुनाव आयोगले पश्चिम बंगालका वरिष्ठ प्रशासनिक र पुलिस अधिकारीहरूको बारम्बार सरुवाको विरोधमा कलकत्ता उच्च अदालतमा चुनौती दायर गरेको छ। टीएमसीका नेता कल्याण बनर्जीले अदालतको ढोका घचघच्याउँदै दायर गरेको याचिकामा मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारलाई प्रतिवादी बनाइएको छ। सुन्नु होस हाम्रो सम्वाददाता रोशनी छेत्रीको एक रिपोर्ट

बाईट (**रोशनी**)

(चुनाव आयोगले राज्य सरकारको परामर्श बिना नै प्रशासनिक अधिकारिहरूलाई सरूवा गरेको आरोप लगाइएकोछ। अदालतले यस मुद्दाको सुनवाई आउने साताको शुरूमा गर्ने सम्भावना छ। स्मरण रहोस 15 मार्चको दिन राज्य विधानसभा चुनावको घोषणा भएको केही घण्टा भित्र नै चुनाव आयोगले चुनावनिष्पक्ष, हिन्सा मुक्त तथा स्वतंत्ररूपमा गराउनका लागि मुख्यमंत्री ममता ब्यानर्जीको एकदमै निकट रहने अनि सरकारको इसारामा काम गर्ने

अधिकारीहरूलाई सरूवा गर्न थालेको थियो, जसमा मुख्य सचिव, गृह सचिव र पुलिस महानिदेशक सहित धैरै बरिष्ठ अधिकारिहरू सामेल छन्। चुनाव आयोगले अहिले सम्म राज्यका 50 भन्दा बढी अधिकारीहरूलाई सरूवा गरि सकेकोछ। मुख्यमंत्री

ममता बनर्जी ब्यानर्जीले चुनाव आयोगको यस कदमलाई राज्यमा अघोषित आपातकाललगाइएको भन्नु भएकोछ। पश्चिम बंगाल विधानसभाको 294 सीटका लागी चुनाव दुई चरणमा 23 र 29 अप्रैलको दिन गराइनेछ। मतगणना 4 मे को दिन गरिनेछ।

पी.के. पुण्यतिथि

मुख्यमन्त्री ममता बनर्जीले भारतीय फुटबल खेलाडी प्रदीप कुमार बनर्जीलाई उनको पुण्यतिथिमा श्रद्धाञ्जली दिनुभएको छ । एक सोसियल मिडिया पोस्ट गर्दै मुख्यमन्त्री बनर्जीले भन्नुभयो 'भारतीय फुटबल लिजेन्ड प्रदीपकुमार बनर्जीलाई उनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली। फुटबलमा पी.के. बनर्जीको योगदान अविस्मरणीय छ र यसले आउने पुस्तालाई प्रेरित गरिरहनेछ ।

नगद बरामद

कोलकाता न्यू टाउनको सिटी सेंटर नजिक पुलिस नाका जाँचको बेला एउटा गाड़ीबाट लाखों रुपियाँ नगद बरामद गरेको छ। कोलकाता पुलिस स्रोतले बताए अनुसार चुनाव आयोगको फ्लाइंग स्क्वाड टीमले कोलकाताको न्यु टाउन सिटी सेन्टरको ECO Park नजिकको एक नाकामा चेकिंग गर्दै एउटा वाहन बाट 25 लाख रुपियाँ नगद बरामद गरेको छ। पुलिस सूत्रले दिएको जानकारी अनुसार गुजरात निवासी सुरेश ठाकुर नामक व्यक्तिलाई पक्राउ गरिएको छ। पक्रा परेका व्यक्तिले यो पैसा काहाँबाट ल्याएको कसलाई दिन लगेको केही प्रमाण दिन नसके पछि उसलाई गिरफ्तार गरिएको हो। दुइ दिन अघि अलीपुरद्वार जिल्लामा एउटा नाका तलाशीमा असमको नंबर प्लेट भएको एक गाड़ीबाट पुलिसले अवैध 2 लाख 75 हजार रुपियाँ बरामद गरी चालकलाई पक्राउ गरिएको थियो।

विगत 15 मार्चको दिन चुनाव आयोगले राज्य विधानसभा चुनावको तारीख घोषणा गरे पछि राज्यमा आदर्श आचार संहिता लागू भएकोछ। यसले गर्दा सामान्य रूपमा एक व्यक्तिले 50 हजार भन्दा अधिक नगद र 10 हजार रुपियाँ भन्दा अधिक मूल्यको सामग्री लिएर आवत जावत गर्न सक्तैनन्। यस भन्दा अधिकको नगद राशी र सामाग्री लान ल्याउन गरेको खण्डमा स्रोतको सठिक जानकारी दिनु अनिवार्य छ नत्र पैसा र सामाग्रीलाई पुलिसले जफत गर्न सक्छ।

विधानसभा चुनाव

पश्चिम बंगालमा विधानसभा चुनावका लागि राजनीतिक दलहरूले व्यापक प्रचार सुरु गरेका छन्। प्रार्थीतालिका घोषणा भएपछि विभिन्न दलका उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् र विभिन्न तरिकाले जनसम्पर्क गरिरहेका छन् । यसैबीच दार्जीलिङ बिधानसभा क्षेत्रबाट बिजेपी उम्मेदवार नोमन राईले महाकाल मन्दिरको दर्शन गरेर आफ्नो चुनाव प्रचार प्रसार शुरु गरेका छन् । दार्जीलिङ बिधानसभा क्षेत्रबाट उम्मेदवारीताको नाम घोषणा भएको पहिलो दिन आज नोमन राईले दार्जीलिङको पवित्र धार्मिक स्थल महाकाल मन्दिरको दर्शन गर्दै चुनावी प्रचारप्रसार शुरू गरेका हुन।

बाइट (आदित्य ०१)

आगामी विधानसभा चुनावमा खरसाङ विधानसभा समष्टिको लागि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेद्वार अमर लामाको पक्षमा आज खरसाङ बजारको हिल कार्ट रोडमा चुनाव पार्टी कार्यालय उदघाटन गरिएको छ। उक्त कार्यालयको उदघाटन भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको अध्यक्ष थापाको विशेष उपस्थितिमा उम्मेद्वार अमर लामाको बाहुलीबाट गरिएको छ। यस अवसरमा हिन्दुको पण्डित, बौध्द धर्मको लामा, मुस्लिम धर्मको मलवी र इसाई धर्मका फादर आदिद्वारा प्रार्थना गरिएको थियो। उक्त चुनावी

कार्यालय उदघाटन गरिएपछि एउटा सांगठनिक सभा सम्पन्न भएको छ। सभालाई सम्बोधन गर्दै जीटीए प्रमुख अनित थापाले आफ्ना कार्यकर्ताहरुलाई सम्बोधन गर्दै चुनावको माहोलमा डिमाण्ड होइन तर मानिसहरुलाई बुझाउनुपर्ने बताउनु भयो भने सबैले मिलेर खरसाङ, दार्जिलिङ र कालेबुङमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेदवारला जिताउनुपर्ने बताउनु भयो। सभालाई भागोप्रमोको उम्मेद्वार अमर लामाले पनि सम्बोधन गर्नुभयो।

यसैबीच भारतीय गोरखा प्रजातांत्रिक मोर्चाका खर्साङ्गका उम्मेदवार अमर लामा अनि कालेबुंगका उम्मेदवार रूदेन सादा लेप्चाले 31 मार्चको दिन नामांकन पत्र भर्ने तथा दार्जिलिंगका उम्मेवार विजय कुमार राईले १ अप्रेलमा नामांकन पत्र भर्ने भागोप्रमो अध्यक्ष अनित थापाले बताउनुभयो।

बाइट (आदित्य ०२)

संजय कुजूर-बुलुचिक बराइक

पश्चिम बंगाल विधानसभा चुनावको घोषणा भएलगत्तै राजनीतिक हलचल चर्किएको छ । शुक्रबार बिहान नगरकाटा सिटबाट तृणमूल कांग्रेसका उम्मेदवार सञ्जय कुजुरले मालबजारका उम्मेदवार तथा राज्यमन्त्री बुलुचिक बारिकेसँग रंगामाटी चाय बागानस्थित उनको निवासमा शिष्टाचार भेट गरे। यस क्रममा दुई नेताबीच बन्द कोठामा छलफल भएको थियो भने समर्थकहरूसँग सानो बैठक पनि भएको थियो । यसलाई शिष्टाचार भेटघाट मात्र भएको बताउँदै कुजुरले डुअर्सको एक मात्र मन्त्री भएको नाताले उनले बुलुचिक बाराकलाई चुनाव अभियानमा आशीर्वाद र सहयोगको लागि अनुरोध गरेको बताउनुभयो। उता बुलुचिक बारिकले पनि सञ्जय कुजुरको जितमा पूर्ण विश्वास व्यक्त गर्दै उनलाई योग्य उम्मेदवार रहेको बताउनुभयो ।

ईडेन-धाम

बिगत वर्षहरू झैँ यस वर्ष पनि ईडेन धाम सञ्चालन समिति दार्जीलिङ को आयोजनामा चैत्र नवरात्रि पूजा एवं पाँचदिने संगीतमय श्रीमद् मार्कण्डेय महापुराण श्रवण पाठ आजदेखि सुरु गरिएको छ। पूजा सुरु हुनुअघि भव्य रूपमा धार्मिक झाँकीसहित कलश यात्रा निकालिएको थियो। उक्त कलश यात्रा दार्जीलिङ बजार परिक्रमा गर्दै महाकाल मन्दिर पुगेको थियो र पुनः ईडेन धाम मन्दिरमा आइ समापन गरिएको ईडेन धाम सञ्चालन समितिका पदाधिकारीहरूले जानकारी दिएका छन भने मन्दिर सञ्चालन समितिले सम्पूर्ण भक्तजनलाई पूजामा उपस्थित हुन अनुरोध पनि गरेका छन्।

आगलागी

खरसाङ नगरपालिकाको वार्ड नम्बर 3 अन्तर्गत अब्राहम बस्तीको लोवर कटलेरी पाखामा रहेको दानियल प्रधानको घर आगलागीमा पूर्ण रूपमा नष्ट भएको छ। घटनास्थलबाट प्राप्त जानकारी अनुसार, दिउँसो लगभग ३ बजीतिर आगलागी भएको स्थानीयहरुले अनुमान गरेका छन्। उक्त आगलागी सर्ट सर्किटका कारण भएको हुन सक्ने स्थानीयहरुले बताएका छन्। आगलागीको समयमा घरमा परिवारका कुनै पनि सदस्य उपस्थित थिएनन्। प्रभावित परिवारका एक सदस्यले घरबाट कुनै पनि सामान निकाल्न नसकेको बताइएको छ भने सबै सर समानहरु नष्ट भएको छ।

घटनाको जानकारी पाएपछि दमकल विभागका कर्मचारीहरूको टोली दमकलसहित पुगेको भए पनि दमकल घटनास्थलसम्म पुग्न नसकेपछि आगो निभाउन दमकललाई खरसाङको सन्त अल्फन्सेस उच्च माध्यमिक विद्यालयको खेल मैदानमा ल्याइएको थियो, जहाँबाट पानी पम्प गरिएको थियो। घटनाको बारेमा थाहा पाएपछि क्षेत्रीय सभासद श्याम शेर्पा, खरसाङ नगरपालिकाको उपाध्यक्ष सुवास प्रधान, एसएई संजय थापा र अन्यहरू घटनास्थलमा पुगेका थिए।

'आई लभ खरसाङ'

खरसाङका वरिष्ठ व्यक्तित्व, खरसाङ नगरपालिकाको पूर्व चेयरम्यान, समाजसेवी पीसी अग्रवालद्वारा लिखित पुस्तक 'आई लभ खरसाङ' को आज खरसाङमा लोकार्पण गरिएको छ। कार्यक्रममा जीटीए प्रमुख अनित थापा, पद्मश्री प्रापक डा एकलव्य शर्मा, पूर्व सांसद शान्ता छेत्री, पूर्व विधायकद्वय डा रोहित शर्मा र एनबी छेत्री, खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङ, मकैबारी चियाबारीका पूर्व मालिक राजा ब्यानर्जी, सभासदद्वय श्याम शेर्पा र नवराज छेत्री, गुम्बाका ख्याम्बो आदिको बाहुलीबाट विधिवत् रूपमा लोकार्पण गरिएको छ। कार्यक्रममा पीसी अग्रवालको जीवनी परिचय खरसाङका वरिष्ठ साहित्यकार जीबी बलले राखेका थिए भने लेखक पीसी अग्रवालले उपस्थित सबैप्रति आभार प्रकट गरेका छन्। यसैबीच कार्यक्रममा जीटीए प्रमुख अनित थापा, डा एकलव्य शर्मा, शान्ता छेत्री, ब्रिगेन गुरुङ लगायत अन्यहरुले पनि सम्बोधन गरेका थिए।

कालेबुङ

साहित्य प्रकाशन परिषद्, कालेबुङद्वारा प्रकाशित चासो समसामयिक पत्रिकाको आज लोकार्पण गरियो। परिषद्का अध्यक्ष प्रदीप गुरुङ, सल्लाहकार डा.भुवन पी.खनाल, सचिव हेमकान्त भण्डारी, सम्पादक इन्द्रबहादुर छेत्री, प्रकाशक-व्यवस्थापक रत्नकुमार फुयेँल, साहित्यकार गौरी नेम्बाङ, टी.एन.सुवेदी, अञ्जु ठकुरी आदिको बाहुलीबाट चासो-को लोकार्पण गरियो भने परिषद्का कार्यक्रमहरूबारे पनि सभामा चर्चा गरियो।

सन्त जोसेफ कलेज

सन्त जोसेफ कलेज, दार्जिलिङको मास कम्युनिकेशन तथा पत्रकारिता विभागका पूर्वविद्यार्थीहरूले सिक्किम अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल २०२६ मा पहिलो र दोस्रो स्थान हासिल गर्दै कलेजको प्रतिष्ठा बढाएका छन्।पहिलो स्थान सुजन लाम्जेल र डेन् शेर्पाको टोलीले आफ्नो फिल्म "डोकोको छाहारी" मार्फत हासिल गरेको हो, जसमा निहाल भण्डारीले डाइरेक्टर अफ फोटोग्राफीको भूमिका निर्वाह गरेका थिए। यसैगरी, दोस्रो स्थान अनन्तदीप रासाइलीले आफ्नो फिल्म "सेतोघरी" मार्फत प्राप्त गरेका छन्। उल्लेखनीय कुरा के हो भने, यो फिल्म उनले विभागमा अध्ययनरत हुँदा आफ्नो ग्राजुएसन प्रोजेक्टका रूपमा तयार पारेका थिए, जसले कलेजले प्रदान गरेको शैक्षिक तथा सिर्जनात्मक आधारलाई उजागर गरेको छ।

पश्चिम-बंगाल-मौसम

पश्चिम बङ्गालको मौसमले मार्चको सुरुदेखि नै परिवर्तन लिएको छ भने राज्यका विभिन्न भागहरूमा मेघ गर्जन र वर्षाको सम्भावना रहेको छ। राजधानी कोलकातामा पनि केही दिनदेखि निरन्तर वर्षा भइरहेको छ । अलिपुरको मौसम विभागले मौसमको यो शृंखला अझै केही दिन जारी रहन सक्ने चेतावनी दिएको छ । मौसम विभागका अनुसार आज कोलकातामा ६० किलोमिटर प्रतिघण्टाको गतिमा हावा चल्ने अनुमान गरिएको छ । यसका साथै समुद्रमा पनि हलचल मच्चिएको छ । बङ्गालको खाडीबाट आउने निरन्तर आर्द्रताका कारण राज्यमा मेघ गर्जन र वर्षाका लागि अनुकूल अवस्था रहेको छ। मौसम विभागले मछुवाहरूलाई आज र भोली समुद्रमा नजान सल्लाह दिएको छ किनकि समुद्रमा हावाको गति ४० देखि ५० किलोमिटर प्रतिघण्टासम्म पुग्न सक्छ। यता उत्तर बङ्गालका जिल्लाहरूमा पनि मौसमको अवस्था जारी रहने सम्भावना छ। दार्जिलिङ, जलपाईगुडी, कालिम्पोङ, अलिपुरद्वार र बिहारमा भारी वर्षाको चेतावनी जारी गरिएको छ। ५० देखि ६० किलोमिटर प्रतिघण्टाको गतिमा हावाहुरी चल्न सक्ने र यो अवस्था सोमबारसम्म कायम रहन सक्छ ।

****